गण्डकी प्रदेश सरकार

फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

गण्डकी प्रदेश, पोखरा

प.स. : ०८०/०८१
च.नं. :

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
शिक्षा विकास निर्देशनालय
पोखरा, नेपाल

## असल अभ्यास प्रवर्द्धनका लागि विवरण पेश गर्ने सूचना

मिति:२०८०/०७/१९

यस निर्देशनालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत असल अभ्यास प्रवर्द्धन कार्यक्रम गर्न चाहने विद्यालयहरुले स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८०मा तोकिएको ढाँचामा उल्लेखित कागजात सहित सम्बन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखामा विवरण पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी थप जानकारी,प्रस्ताव ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु र छनोटका आधारहरु शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको वेबसाइट www.edd.gandaki.gov.np मा राखिएको स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८० बाट प्राप्त गर्न सकिने छ ।

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम सम्बन्धि सूक्ष्म जानकारी |
|---|---|---|
| १ | असल अभ्यास प्रवर्द्धन कार्यक्रम | (क.)विद्यालयहरुले अवलम्बन गरेका असल एवम् अनुकरणीय अभ्यासहरुको संकलन गरि मिति २०८०/०८/१५ गते भित्र अनुसूची २९ बमोजिमको ढाँचामा स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने<br><br>(ख.)असल अध्यासहरु सञ्चालन गरेका विद्यालयहरुहरुका लेख रचनाहरु सिफारिस गर्दा स्थानीय तहहरुले आफ्नो स्थानीय तह भित्रका बढिमा ३ वटा विद्यालयहरुलाई प्राथमिकताक्रम निर्धारण गरी म्याद सकिएको मितिले ७ दिन भित्रमा शिक्षा विकास तथा समन्वय इकाइमा अनुसूची ३० बमोजिमको ढाँचामा सिफारिस गर्नुपर्ने छ<br>(ग.) स्थानीय तहले सिफारिस गरेका विद्यालयहरुलाई शिक्षा विकास तथा समन्वय इकाइले प्राथमिकताक्रम निर्धारण गरी प्रत्येक जिल्लाबाट ५ वटाका दरले ७ दिन भित्रमा शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्नुपर्ने छ ।<br>(घ.) प्रदेश स्तरिय असल अभ्यास सिफारिस समितिले सिफारिस गरे बमोजिमका विद्यालयहरु र असल अभ्यास गर्न इच्छुक भएका विद्यालयहरु विच अनुभव हस्तान्तरणका लागि प्रदेशस्तरीय प्रस्तुतीकरण कार्यक्रम सञ्चालनगर्नुका साथै असल अभ्यासहरु प्रकाशन गरिनेछ । |

२०८०/७/१९
उप-महानिर्देशक
(अधिकृत दर्शी)

माननीय सुशिला सिंखडा
मन्त्री
सामाजिक विकास तथा स्वा...
गण्डकी प्रदेश

२.३३ असल अभ्यास प्रवर्द्धन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो |

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रमको पृष्ठभूमि | शिक्षण सिकाइ सुधारका लागि विद्यालयहरुले सञ्चालन र प्रयोगमा ल्याएका असल र सफल अभ्यासहरुलाई अन्य विद्यालयहरुले अबलम्बन गरी विद्यालयका समग्र गतिविधिहरुमा सुधार ल्याउन र असल अभ्यास गरिरहेका विद्यालयहरुलाई प्रोत्साहन गरी प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २ | कार्यक्रमको उद्देश्य | असल शैक्षिक तथा अभ्यासहरुको प्रचारप्रसार, प्रयोग तथा प्रवर्द्धन गर्ने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईहरु,स्थानीय तहहरु र विद्यालयहरु । |
| ४ | बजेट बाँडफाँट | कार्यक्रम व्यवस्थापन र प्रकाशन ,बैठक भत्ता, समितिको खाजा/खाना खर्च, अनुगमन र प्रतिवेदन आदि । |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका गतिविधिहरु सञ्चालन गर्नुपर्नेछः<br>क. **सूचना प्रकाशनः** विद्यालयहरुले अबलम्बन गरेका असल एवम् अनुकरणीय अभ्यासहरुको संकलनका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन एवम् स्थानीय तहमा पत्राचार गरि विद्यालयसँग विवरण एवम् जानाकरीमूलक लेख रचनाहरु माग गर्ने ।<br>ख. **विवरण उपलब्ध गराउनेः** असल एबम् अनुकरणीय अभ्यासहरु सञ्चालन गरेका विद्यालयहरुले अनुसूची-२९ मा तोकिएको ढाँचामा तयार गरी पेश गर्ने<br>ग. **सिफारिस गर्नेः** (१) स्थानीय तहले आफ्नो स्थानीय तह भित्रका खण्ड (ख) बमोजिमको अभ्यास गरिहेका मध्येबाट निवेदन दिएका मध्ये उत्कृष्ट ३ वटा विद्यालयहरुको प्राथमिकता सहित सिफारिस गरी सूचनाको म्याद समाप्त भएको मितिले ७ दिन भित्र सिफारिस सहित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने। साथै अनुसूची-३० को ढाँचामा स्थानीय तह भित्र सञ्चालन भएका असल अभ्यास प्रकाशनका लागि जानकारीमूलक लेख पठाउने ।<br>(२) स्थानीय तहबाट सिफारिस भई आएका विद्यालयहरु मध्येबाट शिक्षा विकास तथा समन्वय इकाइले देहाय बमोजिमको सहभागितामा विद्यालय छनौट एवम् सिफारिस गरी शिक्षा विकास निर्देशनालयमा सिफारिस गरी पठाउने ।<br>१ इकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय ईकाइ- संयोजक<br>२. कुनै एक स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य<br>३. कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय - सदस्य<br>नोटः शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख र प्र.अ. संयोजकले मनोनयन गर्ने र यसरी मनोनयन गर्दा फरक फरक स्थानीय तहबाट मनोनयन गर्ने ।<br>घ. **प्रदेशस्तरीय विद्यालय छनौट समितिः** असल अभ्यास सञ्चालन गरेका विद्यालयका अभ्यासहरुको विवरण संकलन गरी सकेपश्चात तुलनात्मक रुपमा धेरै क्षेत्रमा असल अभ्यासहरु सञ्चालन गरेका विद्यालयहरुमध्येबाट जिल्लागतरुपमा कम्तिमा ३ वटा विद्यालयहरु छनोट गरी उक्त अभ्यासहरुको प्रकाशन गर्ने व्यवस्था मिलाउनका लागि देहाय बमोजिमको विद्यालय |

माननीय सुशिला सिंखडा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

| | | |
|---|---|---|
| | | सिफारिस समिति गठन हुनेछ।<br>**प्रदेश स्तरीय सिफारिस समिति**<br>१. निर्देशक,योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय — संयोजक<br>२. मन्त्रालयले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि — सदस्य<br>३. निर्देशनालयले तोकेको माध्यमिक विद्यालयको प्र.अ. — सदस्य<br>४. अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- सदस्य सचिव<br>ङ. **असल अभ्यासहरुको प्रस्तुती**ः असल अभ्यास सिफारिस समितिले सिफारिस गरे बमोजिमका विद्यालयहरु र असल अभ्यास गर्न इच्छुक भएका विद्यालयहरु बीच अनुभव हस्तान्तरणका लागि प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्ने ।<br>च. **असल अभ्यासहरुको सङ्ग्रह प्रकाशन**ः प्रदेश सरकारले शिक्षामा गरेको लगानी र प्रतिफल, शैक्षिक गुणस्तरका लागि मुख्य योजनाहरु, स्थानीय तह र विद्यालयहरुले अबलम्बन गरेका असल अभ्यासहरु समावेश गरी एउटा पुस्तिका प्रकाशन गरी सबै स्थानीय तहहरु समक्ष पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ । |
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | विद्यालयहरुले सञ्चालन गरेका असल कार्यहरुको प्रस्तुतिको प्रचार प्रसार र प्रयोग भएको हुने । |
| ७ | पेश गर्नुपर्ने कागजहरु | १. विद्यालय छनौट सम्बन्धी कागजातहरु<br>२. प्रदर्शनी सञ्चालन सम्बन्धी कागजातहरु<br>३. पुस्तक प्रकाशन |
| ८ | अनुगमन | सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

माननीय सुशिला सिंखडा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

५

अनुसुची- २९

विद्यालयका असल अभ्यास प्रकाशनका लागि विद्यालयले लेख पठाउने ढाँचा

विद्यालयको विवरण:

१. विद्यालयको नाम:

२. ठेगाना:

३. सञ्चालित कक्षा: ....देखि ....सम्म

४. प्रविधिक धार सञ्चालन भएको भए विषय: कक्षा: ..........देखि...............

५. प्र.अ.को नाम: सम्पर्क नम्बर

६. विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम: सम्पर्क नम्बर

७. जम्मा विद्यार्थी सङ्ख्या:

| क्रस | जम्मा विद्यार्थी सङख्या | | | |
|---|---|---|---|---|
| | प्रारम्भिक बा.वि.कक्षा | आधारभुत तह | माध्यमिक तह | जम्मा |
| १ | | | | |

प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएको भए विद्यार्थी सङ्ख्या:

नमूना विद्यालय/आदर्श विद्यालय/ खेलकुद/ संगीत कार्यक्रम सञ्चालन भएका विद्यालय भए खुलाउनुहोस:

८. विद्यालयले विगत ५ वर्ष भित्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सञ्चालन गरेका ५ वटा असल/ नमूना अभ्यासहरु क्रमश उल्लेख गर्नुहोस ।

९. स्थानीय तहबाट विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि भएका प्रयासहरु/सहयोगहरु (मुख्य ५ वटा विषय उल्लेख गर्ने) ।

१०. प्रदेश सरकारबाट प्राप्त सहयोग:

११. सरकारी एवम् गैरसरकारी संस्थाबाट कुनै सहयोग प्राप्त गरेको भए उल्लेख गर्ने ।

१२. विगत ५ वर्ष भित्र विद्यालय, प्र.अ. एवम् शिक्षकहरु पुरस्कृत भएको भए उल्लेख गर्ने ।

१३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयको भावी योजनामा समावेश भएका कम्तीमा ५ वटा विषयहरु क्रमश उल्लेख गर्नुहोस ।

१४. गुणस्तर सहितको शैक्षिक उपलव्धीस्तर अभिवृद्धि गर्नका लागि अन्य विद्यालयका लागि मुख्य ५ वटा उपायहरु सुझावका रुपमा पेश गर्नुहोस ।

१५. असल अभ्यासबाट विद्यालयमा भएका मुख्य उपलव्धीहरु उल्लेख गर्नुहोस् ।

**विद्यालयको तर्फबाट**

प्रधानाध्यापकको

नाम:

हस्ताक्षर:

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको

नाम:

हस्ताक्षर:

मिति:

XXXIX

अनुसुचीः ३०

स्थानीय तहले आफ्नो स्थानीय तह भित्र सञ्चालन भएका असल अभ्यास प्रकाशनका लागि जानकारीमूलक लेख पठाउने ढाँचाः

स्थानीय तहको नामः

स्थानीय तह प्रमुखको नामः सम्पर्क नम्बरः

प्रमुख प्रशासकिय अधिकृतको नामः सम्पर्क नम्बरः

शिक्षा, युवा, तथा खेलकुद महाशाखा प्रमुखको नामः सम्पर्क नम्बरः

जम्मा विद्यालय सङ्ख्या

सामुदायिक विद्यालयः संस्थागत विद्यालयः

१. स्थानीय तह स्थापना भए पश्चात स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरु (बुँदागत रुपमा उल्लेख गर्ने) ।

२. शैक्षिक गुणस्तर र शैक्षिक उपलव्धीस्तर उकास्नका लागि स्थानीय तहको भावी कार्ययोजना (बुँदागत रुपमा उल्लेख गर्ने)

३. आफ्नो स्थानीय तह भित्र फरक र असल अभ्यास सञ्चालन गरेका विद्यालय र अभ्यासहरु

| क्रस | विद्यालयको नाम, ठेगाना | अभ्यासहरु | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |